आज मिति २०६९।०४।२४ गते मंगलवारका दिन उच्च सरकारी वकील कार्यालय, धनकुटाको आयोजनामा अभियोजन सुधार र व्यवसायीकता विकास समेतका उद्देश्यले सह-न्यायाधिवक्ता श्री गोविन्द खनाल ज्यूको अध्यक्षतामा मातहत कार्यालयका तपसिल बमोजिमका जिल्ला न्यायाधिवक्ता एवं सहायक-जिल्ला न्यायाधिवक्ता समेतको उपस्थितिमा आ.व. २०६८।०६९ को वार्षिक कार्ययोजना तथा समिक्षा सम्बन्धी कार्यक्रम सम्पन्न गरियो।

उपस्थिति :- निम्न

१. अध्यक्षता सह-न्यायाधिवक्ता श्री गोविन्द खनाल - उ. सरकारी वकील का. ध.

२. उप-न्यायाधिवक्ता श्री गोकुल बहादुर निरौला -"-

३. जि.न्या.व. श्री पुरुषोत्तम खतिवडा - जि.स.व.का. तेह्रथुम

४. जि.न्या.व. श्री राजेन्द्र भट्टराई - -"- धनकुटा

५. -"- श्री कल्पना राई - -"- भोजपुर

६. -"- श्री लेखनाथ ढकाल - -"- संखुवासभा

७. स.जि.न्या.व. श्री गोविन्द हुमागाँई - -"- तेह्रथुम

८. -"- श्री उमेश अधिकारी - -"- संखुवासभा

९. सहायक न्यायाधिवक्ता श्री सन्दिप टेलर - उच्च स.व.का. धनकुटा

प्रस्तावहरु :-

१. रणनितीक योजना एवं वार्षिक कार्ययोजना सम्बन्धमा

२. आ.व. २०६८।०६९ मा सम्पादित काम कारवाही सम्बन्धमा

३. विविध सम्बन्धमा

निर्णय नं. १.

प्रस्ताव नं. १ माथि छलफल गर्दा म.न्या.व.का. बाट जारि तेश्रो पञ्च-वर्षिय रणनितिक योजना र सम्बन्धित कार्यालयले तयार गरी स्वीकृत भएको वार्षिक कार्ययोजना अनुरुप सम्बन्धित सरकारी वकील कार्यालयबाट सम्पादित काम कारवाहीलाई लक्षसँग / उद्देश्यसँग तालमेल गर्दै गराउने।

निर्णय नं. २.

प्रस्ताव नं. २ माथि छलफल गर्दा सम्बन्धित जिल्लाका जिल्ला न्याया-धिवक्ता ज्यूहरुबाट आ.व. २०६८।०६९ मा सम्पादित काम कारवाही, खासगरी मुद्दा-अभियोजन / निर्णय, वस्तुनिष्ठ अभियोजन, अभियोजन पश्चात न्याय सम्पादनमा

मिलेको सफलता, मुद्दाहरूको लगत सम्बन्धमा समिक्षात्मक विवरण पेश भई आवश्यकता अनुरूप छलफल अन्तर्क्रिया गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ विविध माथि छलफल गर्दा हेलो साक्षी, साक्षी संरक्षण, साक्षीलाई Counselling, अनुसन्धानको प्रारम्भदेखी नै निर्देशन मार्फत सरकारी वकील को उपस्थिति, बहस पैरवी एवं प्रतिरक्षामा सरकारी वकीलको सार्थक/प्रभावकारी उपस्थिति नै फौजदारी कसुर अन्तर्गतका मुद्दामा वादी नेपाल सरकारको सफलता को आधार हुने हुँदा सो तर्फ सबै - सरकारी वकील अझ बढी संवेदनसिल हुँदै तोकिएको वा कानूनले दिएको भूमिका थप प्रभावकारी ढंगले निर्वाह गर्ने विषयमा प्रतिवद्धता ~~सबै~~ व्यक्त गरियो। साथै वार्षिक कार्ययोजना निर्माण गरी स्वीकृत गराउनु पूर्व उच्च सरकारी वकील कार्यालय संग समन्वय गरी उच्च सरकारी वकील कार्यालयको वार्षिक योजनासंग साझा लक्ष्यको हकमा नबाझिने यकिन गरी स्वीकृत गराउने ~~वर्ष~~ कार्यतर्फ विशेष ध्यान दिनुपर्ने भनि सर्वसम्मत निर्णय गरियो। स्वीकृत भैसकेको वार्षिक कार्ययोजनाको हकमा उच्च सरकारी वकील कार्यालयको वार्षिक कार्ययोजनासँग समन्वय गरी सहकार्य गरी लक्षित कार्यक्रम संचालन/आयोजना गर्नेतर्फ विशेष ध्यान दिने।

उच्च सरकारी वकील कार्यालय

उच्च सरकारी वकील कार्यालय धनकुटा